**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति -२०६४ साउन १८**

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयकबारे चिन्ता व्यक्त

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)ले सत्य निरूपण तथा मेलमिलाप आयोग (आयोग) विधेयकको प्रथम मस्यौदाबारे आफ्ना टिप्पणीहरू समावेश गरी एक दस्तावेज (जसको सङ्क्षेप यसैसाथ संलग्न छ) हिजो सरकारलाई बुझायो। उक्त टिप्पणीहरू शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा आयोजित तथा महान्यायाधिवक्ता, सांसदहरू, वरिष्ठ अधिवक्ताहरू, नागरिक समाजका कतिपय प्रतिनिधिहरू तथा अन्यको उपस्थिति रहेको एउटा कार्यशालामा साउन १७ गते प्रस्तुत गरिएका थिए।

सो विधेयकले सरकार र नेकपा-माओवादीबीच २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको अवधिमा गरिएको मानवअधिकारको घोर उल्लङ्घन तथा मानवताविरुद्धको अपराधका कार्यसँग सम्बन्धित तथ्यहरूको अनुसन्धान गर्ने कायदिशसहितको आयोग गठन गर्ने प्रस्ताव गरेको छ। बढीमा सातजना आयुक्त रहने सो आयोगसँग उसको काम पूरा गर्न दुई वर्ष र सम्भावित थप १२ महिनाको अवधि रहनेछ। त्यसपछि यसले आफ्ना निष्कर्ष तथा मेलमिलाप, अभियोजन, क्षमादान तथा हर्जानासम्बन्धी निष्कर्ष र सिफारिसहरूको एक प्रतिवेदन सरकारलाई उपलब्ध गराउनेछ।

आयोगको गठन एउटा महत्त्वपूर्ण पहल हो जसले कुनै पनि राष्ट्रलाई सत्य, न्याय तथा हर्जानामा आधारित शान्ति तथा मेलमिलापको संस्कृति निर्माण गर्नमा सहायता गर्नसक्छ। यसले नेपाली जनतालाई सशस्त्र द्वन्द्व निम्त्याउने मूल कारणहरूको पहिचान गरी विगतलाई सम्बोधन गर्ने एउटा अवसर उपलब्ध गराउनुपर्छ। गम्भीर मानवअधिकार उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका पीडकहरूलाई जवाफदेही बनाएर हजारौं हिंसापीडित तथा तिनका परिवारहरूलाई सार्थक न्याय दिने यो एउटा अवसर पनि हो।

मस्यौदा विधेयकका प्रावधानका सम्बन्धमा, गैरन्यायिक हत्या, यातना तथा बलपूर्वक बेपत्ता पार्ने कार्यलगायत अन्तर्राष्ट्रिय मानवीय कानुन (आईएचएल) तथा घोर मानवअधिकार उल्लङ्घनका पीडकहरूलाई क्षमादान दिने प्रावधानबारे उच्चायुक्तको कार्यालय-नेपाल गहिरोसँग चिन्तित छ। यी कसुरमा अभियोजन हुन नदिने क्षमादानसम्बन्धी प्रावधानहरू अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालका दायित्वसँग बाझिन्छन्। तीन दिन अघि संयुक्त राष्ट्रसङ्घका महासचिव बान कि मुनले जातिहत्या, मानवताविरुद्धका अपराध, युद्ध अपराध वा मानवअधिकारका घोर उल्लङ्घनका लागि क्षमादान नदिने वा समर्थन नगर्ने राष्ट्रसङ्घको नीति रहेको, न त त्यस्ता कार्यलाई बढावा दिनसक्ने गतिविधिहरू गर्ने वा तिनलाई प्रोत्साहन दिने नै नीति रहेको कुरामा पुनः जोड दिनुभयो।

विधेयकका सम्बन्धमा अरू प्रमुख चिन्ताहरूमध्ये, आयुक्तहरूको छनोटका सम्बन्धमा तथा क्रियात्मक र आर्थिक विषयवस्तु दुवैका सम्बन्धमा आयोगको स्वतन्त्रता, निष्पक्षता तथा विविधतासम्बन्धी सुरक्षा उपायहरूको अभाव हो। विधेयकका अनुसार, आयुक्तहरू समाजको प्रतिनिधिमूलक विविध समूहभन्दा पनि राजनीतिक पात्रहरू रहनसक्ने सरकारद्वारा नियुक्त निकायबाट छनोट गरिनेछन्। साथै, त्यसमा जातीयता, लैङ्गिक, जात, भौगोलिक क्षेत्र तथा धर्ममा आधारित विविधता सुनिश्चित गर्ने कुनै प्रावधानहरू छैनन्।

जनवरीमा आफ्नो नेपाल भ्रमणका क्रममा मानवअधिकार उच्चायुक्त लुइस आर्बरले नेपालमा अहिले देखा परिरहेको कुनै पनि सत्य आयोगको इमानदारिता सुनिश्चित गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। उहाँले उल्लेख गर्नुभयो, "यस प्रक्रियामा हतार नगरी भावी सत्य-कथन प्रक्रियाको प्रारूप तथा संकेन्द्रण तयार पार्दा पीडित समूह तथा सबै तहका मानवअधिकारवादी गैससहरूलगायतका बृहत् क्षेत्रहरूसँग पूर्णरूपमा परामर्श गरिएको तथा उनीहरू सहभागी बन्ने कुरा सुनिश्चित गर्नु अत्यावश्यक हुन्छ।" साथै, आयोगका लागि पीडित, परिवार तथा प्रत्यक्षदर्शीहरूले प्रतिशोधको डरबिना गवाही दिन सक्ने राजनीतिक अवस्था हुनुपर्छ। देशमा भइरहेको निरन्तरको हिंसालाई हेर्दा, यस्तो प्रक्रियाका लागि समय ठीक छ कि छैन भन्नेतर्फ गम्भीर विचार पुऱ्याउनुपर्छ।

आयोग बन्ने प्रक्रियाको प्रारम्भिक चरणमा टिप्पणी उपलब्ध गराउने अवसर दिइएकोमा उच्चायुक्तको कार्यालय-नेपाल आभार प्रकट गर्दछ, तर नेपाली नागरिक समाज तथा अन्यद्वारा आयोगको विधेयकबारे उठाइएका चिन्ताहरूलाई पनि ध्यानमा राख्न शान्ति मन्त्रालयलाई आग्रह गर्दछ। "यस चरणमा आफ्नो टिप्पणी सार्वजनिक गर्दा उच्चायुक्तको कार्यालय-नेपाल सत्य निरूपण तथा मेलमिलाप आयोगको प्रकृति र समयसम्बन्धी छलफलमा रचनात्मकरूपबाट योगदान गर्न चाहन्छ र यसरी सत्य, न्याय तथा हर्जानासम्बन्धी पीडितका अधिकारलाई सम्बोधन गर्ने सामयिक, विश्वसनीय, निष्पक्ष स्वतन्त्र आयोगको गठनमा योगदान गर्न चाहन्छ", कार्यवाहक प्रतिनिधि सान्ड्रा बेइडासले भन्नुभयो।